आज मिति २०७७ साल बैशाख ४ गतेका दिन प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी कैलालीका निमित्त प्रमुख सचिव श्री अर्जुन प्रसाद पोखरेलज्यूको अध्यक्षतामा यस प्रदेशका मन्त्रालयका सचिवज्यू तथा प्रतिनिधिज्यूहरूको उपस्थितिमा बैठक बसी विविध प्रशासनिक विषयहरूमा छलफल तथा निर्णय गरियो।

## उपस्थिति

१. निमित्त प्रमुख सचिव श्री अर्जुन प्रसाद पोखरेल – मु.म. तथा म.प.का.
२. प्रदेश सचिव श्री सुमनराज अर्याल – आर्थिक मा. तथा यो. म
३. प्रदेश सचिव श्री सूरज बहादुर राउत – आन्तरिक मा. तथा का. म
४. प्रदेश सचिव श्री हरि प्रसाद लम्साल – सामाजिक वि. म.
५. प्रदेश सचिव डा. श्री किशनलाल भट्ट – भू. व्या. कृ. तथा स. म.
६. नि. प्रदेश सचिव श्री जनक पाण्डे – उ. पर्यटन व. तथा वा. म.

## निर्णयहरू:

१. मिति २०७७/१/३ को माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको Province Crisis Management Center (PCMC) को बैठकको ~~निर्णयानुसार~~ कार्यान्वयन गर्ने/गराउने।

२. मिति २०७७/१/३ को निर्णयानुसार गठित COVID-19 Emergency Operation Center को कामकारवाहीमा समन्वय र सहजीकरण गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री अर्जुन प्रसाद पोखरेलज्यू नेपाल सरकारको सचिव पदमा पदोन्नती हुनुभएकोमा उहाँलाई बधाई तथा शुभकामना व्यक्त गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नवनियुक्त नेपाल सरकारका सचिवज्यूबाट यस प्रदेशमा रहँदा मन्त्रालयका सचिवज्यूहरूबाट गरिएको सहकार्य र सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुका साथै उहाँको मिति २०७७/१/५ देखि रमाना हुने भएकोले यो बैठक आगामी कार्यकाल/जिम्मेवारीको सफलताको कामना सहित हार्दिक बिदाई गर्दछ।